# “प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था”

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग,
स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन
अन्तर्गत (कोर्ष नं. ५९८) को प्रयोजनका लागि प्रस्तुत
शोधपत्र
२०७३


प्रश्तुतकर्ता
नाम :– राजन भट्टराई
एम.एड. दोस्रो वर्ष
क्याम्पस रोल्नं. :– १०५
परीक्षा क्रमाङ्क :– २१८०१४१/२०६७
त्रि.वि. दर्ता नं. :– ९–१–२१४–३४४–९७



जनता वहुमुखि क्याम्पस, इटहरी–५, सुनसरी
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग



शोधपत्र पेश भएको मिति
बि.सं.: २०७३/१२/१०
इ.सं.: २०१७/०३/२३

शोधपत्र भाइवा भएको मिति
बि.सं.: २०७३/१२/२६
इ.सं.: २०१७/०४/०८

त्रिभुवन विश्वविद्यालय

जनता बहुमुखि क्याम्पस इटहरी,सुनसरी

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्न जनता वहुमुखी क्याम्पस इटहरीका विद्यार्थी राजन भट्टराईले मेरो सल्लाह र निर्देशनमा “प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था” विषयमा तयार गर्नु भएको शोधपत्र आवश्यक मूल्याङ्नका लागि मूल्याङ्न समितिमा सिफारिस गर्दछु ।

.............................

टोलनाथ काफ्ले

(उप–प्राध्यपक)

शोध निर्देशक

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्न विषय अर्न्तगत शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उदेश्यले “प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था” भन्ने विषयमा शोध अध्ययन गर्ने अवसर प्रदान गरेकोमा पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, जनता वहुमुखि क्याम्पस, इटहरी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यो शोध कार्यलाई अघि बढाउन विभिन्न सल्लाह र निर्देशन दिनुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख तथा शोध निर्देशक टोलनाथ काफ्ले प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोध कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले विभिन्न रचनात्मक सल्लाह, सुझाव र निर्देशन दिई यस कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याइदिनु हुने जनता वहुमुखी क्याम्पस, इटहरीका सम्पूर्ण प्रध्यापक तथा उप-प्राध्यापकहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोध कार्यका लागि सूचना एवं तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याइदिनु हुने छनोटमा परेका विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, विद्यार्थीहरु, वि.व्या.स.पदाधिकारीहरु, स्थानीय सरोकारवाला, स्रोत व्यक्तिहरु, जिल्ला शिक्षा कार्यालय प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

राजन भट्टराई

## शोधसार

पाठ्यक्रम शिक्षाको आधारस्तम्भ हो । यसले शिक्षकलाई मात्र नभई सम्पूर्ण शिक्षा क्षेत्रलाई नै मार्गनिर्देश गर्नुपर्दछ । राष्ट्रिय पाठ्यक्रमले यथासम्भव प्रयास गर्दागर्दै पनि सबै वर्ग, समुदाय, धर्म, संस्कृति, पेसा, व्यवसायलाई समेट्न नसकेको हुँदा स्थानीय सरोकारवालाको सहभागिता र सक्रियतामा पाठ्यक्रम निर्माण हुन सकेमा स्थानीय आवश्यकतालाई परिपूर्ति गर्न सघाउ पुग्छ । यति मात्र नभएर स्थानीय परिवेश अनुकूलको पठनपाठनले सिकारुलाई अभिप्रेरित गराउनुका साथै सिकेका कुराहरुलाई सामान्यीकरण गर्न पनि सघाउ पुऱ्याउँदछ । हाम्रो देशको परिवेश अनुसार स्थानीय पाठ्यक्रम अति आवश्यक देखिएको छ । स्थानीय पाठ्यक्रम भनेको राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरु समावेश गरी स्थानीय तहमा पठनपाठन गर्न तयार गरिएको मार्गचित्र हो ।

यो शोध अध्ययन “प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था” सम्बन्धमा गरिएको छ । “विश्वव्यापी रुपमा सोची स्थानीय रुपमा कार्य गर ” भन्ने नारालाई आत्मासाथ गर्दै शैक्षिक विकेन्द्रिकरणको अवधारणा अनुसार प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माणको अवस्थाको अध्ययन गर्ने, प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने, प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या र ती समस्या समाधानका उपायहरु पत्ता लगाउने उद्देश्य यस अध्ययनको रहेको छ ।

यस अध्ययन तथा अनुसन्धानलाई पुरा गर्न ५ वटा सामुदायिक विद्यालयहरु, ती विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, ती विद्यालयहरु रहेका स्रोतकेन्द्रका स्रोतव्यक्तिहरु, जिल्ला शिक्षा कार्यालयका अधिकृत, स्थानीय सरोकारवालाहरु, स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरु उद्देश्यमूलक नमुना छनोट विधिवाट लिई अन्तरवार्ता, प्रश्नावलि, दस्तावेज अध्ययनलाई अनुसन्धानका साधनको रुपमा लिई क्याम्पसका विषय शिक्षकहरुको सल्लाह, सुझाव एवम् निर्देशनलाई आधार मानेर गुणात्मक तथा सामान्य तथ्याङ्कशास्त्रिय विधिको प्रयोग गरि व्याख्या तथा विश्लेषण गरिएको छ ।

नमुना छनोटमा परेका ५ वटा विद्यालयहरु मध्ये श्री गोल्मादेवि प्रा.वि. पलापु ६, श्री वर्णादेवि प्रा.वि. पलापु ४ र श्री आरुभञ्ज्याङ्ग आ.वि. दिप्सिङ् बलखुमा स्थानीय विषयको रुपमा कृषि विषयको प्रयोग भएको पाइयो । श्री कालीका मा.वि. सिस्नेरीमा स्थानीय विषय तरकारी खेती रहेको छ । श्री जलकन्या प्रा.वि.मा स्थानीय पाठ्यक्रमका रुपमा कक्षा १ देखि ३ सम्मलाई ऐ. अंग्रेजी र कक्षा ४ र ५ का लागि Conversation English र General Knowledge विषयको पाठ्यक्रम लागु गरेको पाइयो । तर सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयहरुको स्थानीय अंशको रुपमा रहेको २० प्रतिशत पाठ्यक्रम भने कालीका मा.वि. सिस्नेरी र श्री आरुभञ्ज्याङ्ग आ.वि. दिप्सिङ् ले निर्माण गरी कार्यान्वयनमा समेत ल्याएको पाइयो भने बाँकी अरु ३ वटा विद्यालयहरुले केन्द्रिय पाठ्यक्रमलाई नै पछ्याईरहेको पाइयो । पाठ्यक्रमको कार्यान्वयनका लागि विद्यालय सँग शिक्षक समस्या भएपनि स्थानीय विषयका लागि अलगै शिक्षकको व्यवस्था, पाठ्यपुस्तकको

लेखन तथा प्रकाशन, विद्यार्थी केन्द्रित शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । स्थानीय पाठ्यक्रमको निर्माणमा स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, शैक्षिक तालिम केन्द्र, गाँउ विकास समिति, विद्यालय प्रशासन कम जिम्मेवार पाइयो । पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनमा वजेट अभाव, जनशक्ति अभाव, तालिमको अभाव, अनुगमन तथा सुपरिवेक्षणको अभाव, स्रोत र साधनको अभाव जस्ता समस्याहरु देखिएकाले त्यसको समाधान तर्फ ध्यान कन्द्रित गर्दै स्रोत केन्द्र तथा जिल्ला स्तरमा वातावरण तथा परिवेश मिल्ने विद्यालयहरुमा एकै खालको पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

# विषय सूची

## परिच्छेदः एक परिचय


पृष्ठ

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ८
१.३ अध्ययनको औचित्य ८
१.४ अध्ययनको उद्देश्य ९
१.५ अध्ययनको परिसीमा ९
१.६ परिभाषिक शब्दहरु ९


## परिच्छेदः दुई
## अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पूनरावलोकन


२.१ अध्ययनको सैद्धान्तिक खाका १०
२.२ सम्बन्धित साहित्यको पूनरावलोकन १४
२.३ सम्बन्धित साहित्यको पुनरावलोकनको औचित्य १८


## परिच्छेदः तीन
## अध्ययनको ढाँचा र विधि


३.१ अनुसन्धान ढाँचा २०
३.२ अध्ययनको जनसङख्या २१
३.३ नमुना छनोट प्रक्रिया २१
३.४ तथ्याङ्क संकलनका स्रोतहरु २२
३.५ अनुसन्धानका साधनहरुको निर्माण २३
३.६ साधनको वैधता २३
३.७ तथ्याङ्क संकलन प्रक्रिया २३
३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया २४


## परिच्छेद : चार
## तथ्याङ्कको व्याख्या र विश्लेषण


४.१ प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बन्धि वर्तमान नीतिगत व्यवस्था २५
४.२ प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था २८
४.३. प्राथमिक तहमा स्थानीय पाठ्क्रमको कार्यान्वयनको अवस्था ३२

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्तिहरु ४६
५.२ निष्कर्षहरु ४७
५.३ सुझावहरु ४८
🕮अनुसूचीहरु